एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A Joint-Venture with punjab national bank, India)
Consistent, Strong & Dependable
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था)

EBL/HO/SH/148/080-81

मिति: २०८०/०६/०८

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,
सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषय : शेयर दाखिल खारेज बन्द (Book Close ) सम्बन्धमा**

महोदय,
यस बैंकको आर्थिक बर्ष २०७९/८० को बार्षिक साधारण सभा गर्ने प्रयोजनका लागि साधारण शेयरको **शेयरधनी दर्ता किताब मिति २०८० साल आश्विन १६ गते बन्द रहने ब्यहोराको सूचना नयाँ पत्रिका** दैनिकमा मिति २०८०/०६/०८ मा प्रकाशित भएको ब्यहोरा अवगत गराउँदछौं ।

**मिति २०७४/०५/३० को नेपाल स्टक एक्सचेञ्ज लि. को परिपत्र बमोजिम देहाएका विवरणहरु निम्नअनुसार रहेको छ ।**

**नगद लाभांश प्रतिशत (कर प्रयोजन समेत) :** १०.५३% (दश दशमलब त्रीपन्न प्रतिशत)
रु. १,१२,६५,०९,३४४ (रु.एक अर्ब बाह्र करोड पैसठ्ठी लाख नौ हजार तीन सय चवालीस मात्र)

**बोनस शेयर प्रतिशत:** १०% (दश प्रतिशत)
रु.१,०६,९८,०९,४४४ (रु.एक अर्ब छ करोड अन्ठानब्बे लाख नौ हजार चार सय चवालीस मात्र)

**शेयर दाखिल खारेज मिति (Book Close Date): २०८० साल आश्विन १६ गते**

**हालको चुक्ता पुंजी:** रु. १०,६९,८०,९४,४३६

**वार्षिक साधारण सभाको मिति:** २०८०/०६/३०

भवदीय,

EVEREST BANK LTD. Head Office Kathmandu

---------------------
(सुरेश चापागाई)
कम्पनी सचिव

**वोधार्थ:**
१) नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

२) श्री सिडिएस एण्ड क्लियरीङ्ग लि.,पुतलीसडक काठमाडौ ।



CamScanner

# एभरेष्ट बैंक लिमिटेडको
# २९ औं बार्षिक साधारण-सभा सम्बन्धी
# सूचना

यस बैंकको मिति २०८० साल आश्विन ७ गते बसेको संचालक समितिको ३५८ औं बैठकको निर्णय अनुसार २९ औं वार्षिक साधारण-सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति** : **२०८० साल आश्विन ३० गते मंगलवार तदनुसार १७ अक्टोबर २०२३**
**स्थान** : **लैनचौर ब्यांक्वेट, लैनचौर, काठमाण्डौ**
**समय** : **बिहान ११:०० बजे**

## बैंकको २९ औं बार्षिक साधारण-सभाको छलफलको बिषयसूची

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८० साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,

३. मिति २०८०/०५/२७ मा बसेको सञ्चालक समितिको ३५७ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभाशं प्रदान गर्ने सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,
   (क) **१०% का दरले बोनस शेयर जारी गर्ने - बिशेष प्रस्ताव,**
   (ख) १०.५३% नगद लाभाशं (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने,

४. प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धि बिशेष प्रस्ताव पारित गर्ने
   (क) बैंकले प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।
   (ख) संचालक समितिको बैठकमा उपस्थित भए बापत संचालकले पाउने बैठक भत्ता बृद्धि गर्ने भएकोले सोही बमोजिम संशोधन गर्ने।

५. संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा नियुक्त भएका संचालकको नियुक्ति अनुमोदन गर्ने।

६. आ.ब. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

७. विविध

संचालक समितिको आज्ञाले,
(कम्पनी सचिव)

**शेयर दाखेल खारेज किताब बन्द रहने**

साधारण-सभा प्रयोजनको लागि मिति २०८०/०६/१६ गते एक दिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिने छ ।

**नोट:**

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा शेयर अभौतिकरण गरिसकेका शेयरधनीहरुको हकमा हितग्राही (DEMAT Account) नम्बर, DEMAT Statement र आफ्नो परिचय खुल्ने (जस्तै: नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

२) नगद लाभांश सम्बन्धित शेयरधनी महानुभावहरुको बैंक खातामा जम्मा गर्ने प्रयोजनका लागि आफ्नो बैंक खाता हितग्राही (DEMAT Account) नम्बरमा अद्यावधिक गरी दिनु हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं।

३) साधारण सभाको हाजिरी पुस्तिका १०:०० बजे देखी खुल्ला रहने छ र अपरान्ह १२:०० बजे बन्द गरिने छ।

CamScanner